प्रतिदिन १८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१८ ।। अङ्क : ०१३ ॥ २०८२ माघ २९ गते बिहिबार (12th Feb 2026 Thursday) | **Pratidin** National Daily | मूल्य-रु.५/-


# कुलमान घिसिङ पनि प्रधानमन्त्रीको उम्मेदवार

झापा,माघ २८ । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले आफूले देशको नेतृत्वको लागि आगामी निर्वाचनमा उम्मेदवारी दिएको बताएका छन् । चुनाव प्रचारका लागि झापा आइपुगेका पूर्व ऊर्जामन्त्रीसमेत रहेका घिसिङले बिर्तामोडमा पत्रकारहरुसंग कुराकानी गर्दै राजनीतिक क्षेत्रलाई दुर्गन्धबाट हटाउन उज्यालो नेपाल पार्टी आएको बताए । यदि नेतृत्व प्रधानमन्त्रीको भए मात्र देशमा परिवर्तन हुन सम्भव भएकाले आफूले पनि प्रधानमन्त्रीको आवश्यकता रोजेको तर पदकै लागि राजनीति नगरेको बताए । आफू पदको लागि नभएर परिवर्तनको लागि राजनीतिमा आएको भन्दै त्यसको लागि चुनावी प्रकृयामा गए मात्र नेतृत्व परिवर्तन सम्भव भएको उनको भनाई छ ।




रास्वपासंगको सहमति भंग गरेपछि उज्यालो नेपाल पार्टी स्वतन्त्र भएर अगाडी बढेको बताउँदै घिसिङले राष्ट्रिय परिवर्तन पार्टी जोडिएर जेनजीको भावनालाई समेत समेट्न अगाडी बढेको धारणा राखे ।

तीन महिनामा पार्टी एकदमै ठुलो भैसकेको बताउँदै उनले १२१ ठाउँमा उम्ममेदवारी दिएको र पार्टीले अधिकांश क्षेत्रमा जित्ने दावीसमेत गरे ।मन्तव्यअघि आयोजित र्‍यालीमा निर्वाचन आचारसंहिता उल्लंघन गरी नाराहरु समेत लगाइएको थियो । र्‍यालीलाई मुक्तिचोकमा होल्ड गराइ घिसिङले बजार तथा पसल-पसलमा भोट मागेका थिए । झापा क्षेत्र नं २ मा उज्यालो नेपाल पार्टीका तर्फबाट सीके बेघा उम्मेदवार बनेका छन् । बिर्तामोडअघि झापा क्षेत्र नं १ को मेचीनगरमा आयोजित चुनावी र्‍यालीमा घिसिङ सहभागी भएका थिए । मेची पुलमा नेपालको झण्डा फहराउने कार्यक्रम गरिएको थियो ।सहभागीहरुले 'कुलमान घिसिङ जिन्दावाद,भोट केमा चिममा ,समानुपातिकतर्फ बाँसुरीमा,अबकी बार कुलमान सरकार,उज्यालो नेपाल पार्टी जिन्दावाद' लगायतका नारा लगाएका थिए । काँकरभिट्टामा कार्यकर्तालाई संक्षेपमा संबोधन गर्दै पार्टी अध्यक्ष घिसिङले झापा क्षेत्र नम्वर १ का उम्मेदवार नरेशकुमार लावतीलाई बिजयी गराउन आव्हान गरेका थिए ।

त्यस्तै पूर्वका जिल्लाहरूमा चुनावी अभियानका लागि बुधवार बिहान झापा आइपुगेका अध्यक्ष घिसिङले भद्रपुरमा पत्रकार हरूसँग संक्षिप्त कुराकानी गर्दै अहिलेसम्म जारी भएका चुनावी प्रतिबद्धता (घोषणा) पत्र कुनै पनि राजनीतिक दलहरूले ५ प्रतिशत पनि कार्यान्वयन नभएको बताएका छन् ।

'राजनीतिक दलहरूले लागू गर्न नसकेको चुनावी प्रतिबद्धता पत्र जारी गर्नुको कुनै अर्थ छैन । कार्यान्वयन गर्ने खालको चुनावी प्रतिबद्धता पत्र दलहरूले ल्याउनुपर्छ र त्यसैले उज्यालो नेपाल पार्टीले देशको समृद्धि र सुशासनलाई प्रमुख प्राथमिकतामा राखी कार्यान्वयन गराउने किसिमको प्रतिबद्धता पत्र ल्याउँदैछ । त्यो प्रतिबद्धता पत्र अबको दुई-तीन दिनभित्र सार्वजनिक गरिन्छ,' अध्यक्ष घिसिङले भने ।

यो देशमा धेरै राजनीतिक परिवर्तनहरू भए । जनताले चुनेर पठाएका धेरै नेताहरूले नेतृत्व पनि गरे । तर, यो देशमा समृद्धि र सुशासनको कुरा कहिले पनि पूरा नभएको बताउँदै अध्यक्ष घिसिङले भने, 'देशको विकास, समृद्धि र सुशासनको विषयलाई अब हामीले अगाडि बढाउनु पर्छ । अब नयाँ नेतृत्वले भ्रष्टाचारमुक्त समाज, विभेदरहित समाज, देशमै युवाहरूलाई रोजगारीको व्यवस्था र देशलाई अर्थतन्त्रमा आत्मनिर्भर बनाउने परिकल्पना बोकेर हामी अघि बढिसकेका छौँ ।' घिसिङका अनुसार उज्यालो नेपाल पार्टी डेलिभरी दिने पार्टी हो । भाषण र गफ होइन, काम र परिणाममा विश्वास गर्छौं । 'परिणाम लिएर आएको पार्टीलाई आम जनताले विश्वास गर्नुपर्छ र नेतृत्वमा चुनेर पठाउनुपर्छ,' उनले थपे । हिजोको जेनजी आन्दोलनको जुन एउटा माग थियो । त्यो मागलाई सम्बोधन गर्न र यो देशलाई आर्थिक समृद्धितर्फ अगाडि बढाउनका लागि नयाँ नेतृत्व र नयाँ सोच भएकालाई छान्नु पर्ने उनको भनाई छ । त्यस्तै दमकमा पनि घिसिङको नेतृत्वमा चुनावी कार्यक्रम गरिएको थियो । दमकको आकाशे पुलमुनि केन्द्रीय अध्यक्ष घिसिङ, राष्ट्रिय परिवर्तन पार्टीका केन्द्रीय अध्यक्ष राजेश पोर्तेल , झापा क्षेत्र नं ५ उम्मेदवार सबिन चाम्लिङ राई , जेनजी युनाइटेडकी प्रतिनिधि सदीक्षा राईलगायत पार्टीका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# लागूऔषध सेवनकै लागि धेरै नेपालीहरु जान्छन् पानीट्यांकी

झापा, माघ २८ । लागूऔषध सेवन गर्नकै लागि धेरै नेपालीहरु भारतको पानीट्यांकी जाने गरेको तथ्य प्रमाणित भएको छ । पानीट्यांकीबाट फर्किने नेपालीहरुलाई लागूपदार्थ सेवन(लापसे) चेकजाँच गर्दा करिव आधा जतिले लागूऔषध सेवन गरेर आएको भेटिएको हो । घरायसी उपभोग्य सामान खरिदसंगै लागूऔषध सेवन र खरिद गर्न जानेहरुको संख्या बढ्दै गएको छ । मेचीनगर -६ मेची पुलमा जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय काँकरभिट्टा, जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडको संयुक्त आयोजना तथा लायन्स क्लब अफ मेचीनगर र मेचीनगर आधारभूत अस्पतालको सहकार्यमा बुधवार लापसे चेकजाँच गरिएको थियो । त्यसक्रममा २९ जना अटो, सिटी र मोटरसाइकल चालकलाई चेकजाँच गर्दा १३ जनाले लागूऔषध सेवन गरेको भेटिएको हो । लागूऔषध सेवन गर्नेहरुमा २ महिला र ११ पुरुष रहेका छन् ।जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक बसुन्धरा खड्काको प्रमुख आतिथ्यमा इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक निशेष चापागाँई , जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्तोष राईलगायतको कमाण्डमा चेकजाँच टोली खटिएको थियो । दिउँसो ३:१५ बजेदेखि साँझ ४.५५ बजेसम्म सवारी चालकहरुलाई स्वास्थ्य परीक्षण तथा लापसे चेकजाँच गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक खगेन्द्रबहादुर खड्काले बताए । उनले सीमावर्ती क्षेत्र भएकाले झापामा लागूऔषधको अबस्था चिन्ताजनक रहेको बताए । केही महिनाअघि यात्रुवाहक बसका चालकहरुलाई लापसे चेकजाँच गरिएको थियो । त्यसबेला पनि धेरै सवारी चालकहरुले लागूऔषध सेवन गरेको भेटिएको थियो । मादक पदार्थ सेवन( मापसे) चेकजाँचसंगै ट्राफिक प्रहरीले लापसे चोकजाँचलाई पनि निरन्तरता दिँदै आएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक राईले जानकारी दिएका छन् । लापसे पोजेटिभ देखिएका व्यक्तिहरुलाई आवश्यक कारबाहीको लागि नियन्त्रणमा लिई इप्रका काँकरभिट्टामा ल्याइ अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




# गौरीगंजमा ब्राउन सुगरसहित चारजना पक्राउ




झापा, माघ २८ । झापाको सीमावर्ती क्षेत्र गौरीगंजबाट लागूऔषध ब्राउन सुगरसहित चारजना पक्राउ परेका छन् । बुधवार दिउँसो १;३० बजे गौरीगंज - २ स्थित बाहुन टोलमा आँपगाछीबाट बाहुन टोलतर्फ आउँदै गरेको मे १ह ५६६७ नम्बरको अटोलाई गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय गौरीगंजबाट प्रहरी निरीक्षक भुवनबाबु खड्काको कमाण्डमा खटिएको टोलीले चेकजाँच गर्दा अटोको खुट्टा राख्ने म्याटमुनि लुकाई राखेको अवस्थामा प्लाष्टिकसहित ७ ग्राम ५०० मिलिग्राम र प्लाष्टिक बाहेक ६ ग्राम ९० मिलिग्राम ब्राउन सुगर फेला परेको हो । सो लागूऔषधसहित अटोचालक शिवसताक्षी २ मनोहरा घर भई हाल दमक वडा नं. ८ बस्ने वर्ष ३४ का दिलकुमार विश्वकर्मा ,गौरादह वडा नं. ८ भुँडीसिमल बस्ने वर्ष २७ का अमन ताजपुरिया ,सुनसरी धरान उपमहानगरपालिका वडा नं. १६ घर भई हाल दमक वडा नं. ८ बस्ने वर्ष १९ की दिपा परियार र मोरङ बेलबारी वडा नं. ९ घर भई हाल दमक वडा नं. ८ बस्ने वर्ष १९ की पार्वती चौधरी पक्राउ परेका छन् । उनीहरुलाई लागूऔषधसहित नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय गौरीगंजमा ल्याई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# टी-२० विश्वकपमा इटालीलाई हराउने नेपालको लक्ष्य

काठमाडौँ, माघ २८ । तेस्रो पटक आइसिसी टी-२० विश्वकप खेलिरहेको नेपाल यसपटक पहिलो खेलमा टेस्ट टोली इङ्ल्यान्डसँग सनसनीपूर्ण प्रदर्शन गर्दै अन्तिमा चार रनले स्तब्ध बन्यो ।

पहिलो खेलमा सानदार प्रदर्शनसहित जित नजिक पुगेर हार खेपेको नेपालले समूहको दोस्रो खेल बिहीबार इटालीसँग प्रतिस्पर्धा गर्दैछ । नेपाल र इटालीबिचको खेल बिहीबार साँझ मुम्बईस्थित वानखेडे स्टेडियममा ३:१५ बजे सुरु हुने छ ।




इङ्ल्यान्डसँगको खेलपछि नेपाली टोलीको प्रदर्शन क्षमता उच्च स्तरको रहेको भन्दै विश्व क्रिकेटमा चर्चा भई रहेको छ । इटाली टी-२० मा नेपालका लागि नयाँ प्रतिस्पर्धी हो ।

नेपालसहित इङ्ल्यान्ड, वेस्ट इन्डिज, स्कटल्यान्ड र इटाली रहेको समूह 'सी' मा इटाली तुलनात्माक रूपमा कमजोर मानिन्छ । हाल इङ्ल्यान्ड, वेस्ट इन्डिज, स्कटल्यान्डले एक एक खेल जित्दै दुई-दुई अङ्क बनाएका छन् । नेपाल र इटाली अङ्कबिहीन छन् ।

पहिलो पटक विश्वकप खेलिरहेको इटाली अनुभवका हिसाबले पनि पछाडि छ । त्यसैले नेपालले इटालीसँग जितको लक्ष्य राख्नु स्वभाविक देखिएको छ ।नेपाल र इटालीबिच १३ वर्ष अगाडि एक दिवसीय खेलमा प्रतिस्पर्धा भएको थियो । आइसीसी वर्ल्ड क्रिकेट लिग डिभिजन-३ को उक्त खेलमा नेपालले इटालीलाई आठ विकेटले हराएको थियो ।

नेपालका कप्तान रोहित पौडेलले इटालीसँगको खेल नेपालका लागि महत्वपूर्ण हुने बताएका छन् । "पहिलो खेलबाट दबाबलाई थेग्न र कठिन अवस्थामा कसरी खेल्नुपर्छ भन्ने सिकेका छौँ । सुपर आठमा पुग्न अबका खेलहरु महत्त्वपूर्ण छन् । सबै खेलमा राम्रो खेल्ने छौँ । इटालीलाई हराएर अगाडि बढ्ने अबको लक्ष्य हो," रोहितले भनेका छन् ।

इटालीपछि नेपालले फागुन ३ गते वेस्ट इन्डिज र फागुन ५ गते स्कटल्यान्डसँग खेल्ने छ । नेपालले समूह चरणका सबै खेल मुम्बईस्थित वानखेडे स्टेडियममै खेल्ने छ ।

नेपालले समग्रमा तेस्रो र लगातार दोस्रो पटक टी-२० विश्वकप खेलेको हो । यसअघि नेपालले सन् २०१४ र सन् २०२४ को अघिल्लो संस्करण खेलेको थियो ।

# तेस्रो हरिकुमार प्रसाईं स्मृति फुटबलको उपाधि कन्चन स्कुललाई

बिर्तामोड । झापाको बिर्तामोडस्थित एभरेष्ट स्मार्ट एकेडेमी र एभरेष्ट स्पोर्ट्स एकाडेमीको आयोजनामा भएको तेस्रो हरिकुमार प्रसाईं स्मृति जिल्ला स्तरीय अन्तरविद्यालय यु-१३ नकआउट फुटबल प्रतियोगिताको उपाधि




कन्चन अंग्रेजी स्कुलले हात पारेको छ । २० वटा बिद्यालय सहभागी रहेको प्रतियोगिताको फाइनलमा निदी र कन्चन अंग्रेजी बिद्यालयबीच प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा कन्चन अंग्रेजी स्कुलले २-० को


❖ बाँकी अन्तिम पृष्ठमा


# चुरोटको चपेटामा ४१ प्रतिशतभन्दा बढी नेपाली युवक

काठमाडौं । नेपालमा युवा उमेर समूहका व्यक्तिमा सबैभन्दा धेरै चुरोट, बिडी, हुक्का जस्ता सुर्तीजन्य पदार्थको लत रहेको पाइएको छ।

हालै सार्वजनिक भएको राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको 'चौथो नेपाल बहुसूचक सर्वेक्षण २०८१।८२ 'को प्रतिवेदनले ७.६ प्रतिशत पुरुष र २.१ प्रतिशत महिलाले १५ वर्षअघि नै कम्तिमा एक खिल्ली चुरोट बिडी सेवन उल्लेख गरेको छ।

यस्तै नेपालमा १५ देखि ४९ वर्ष उमेर समूहका ५.१ प्रतिशत महिलाहरु कुनै न कुनै किसिमको सुर्तीजन्य पदार्थको लतमा रहेको पाइएको छ। यहि लतमा, यही उमेर समूहको पुरुष हिस्सा ४१.८ प्रतिशत रहेको छ।

यसअघि सन् २०१९ मा भएको नेपाल स्टेप्स सर्भेले १५ देखि ६९ वर्ष उमेर समूहका ४८.३ प्रतिशत पुरुष र ११.६ प्रतिशत महिला सुर्तीजन्य पदार्थको



कुलतमा रहेको उल्लेख थियो। त्यसमा २८ प्रतिशत पुरुष र ७.५ प्रतिशत महिला चुरोट सेवनकर्ता रहेको उल्लेख थियो।

अहिले सार्वजनिक सर्वेक्षणमा उमेर समूह १५ देखि ४९ वर्ष रहेकोले हाल सुर्तिजन्य पदार्थ सेवनमा केही कमी देखिएको हुनसक्ने देखिन्छ। मुटु, मिर्गौला विभिन्न प्रकारका क्यान्सरको प्रमुख कारक मानिने सुर्तीजन्य पदार्थ सेवन गर्नेमा १५ वर्ष उमेर नपुग्दै चुरोटको कुलतमा लाग्नेहरु काठमाडौँ उपत्यकामा बढी रहेका छन्।

सर्वेक्षणले ५.५ प्रतिशत किशोर किशोरीहरु १५ वर्ष अघि नै चुरोटको कुलतमा लागेको देखाएको छ।

त्यसपछि सबैभन्दा बढी ४.४ प्रतिशत गण्डकी प्रदेशको ग्रामीण क्षेत्रका किशोर किशोरीहरु रहेको उल्लेख छ।

सोही उमेर समूहमा तेस्रो बढी सुदूरपश्चिमको ग्रामीण भेगका किशोर किशोरीहरु रहेको उल्लेख छ। त्यस भेगका ४.१ प्रतिशत किशोर किशोरीहरु १५ वर्ष नपुग्दै चुरोटको कुलतमा लागेको उल्लेख छ।

दैनिक २० खिल्ली बढी चुरोट सेवन गर्ने १५ देखि १७ वर्ष उमेर समूहका बढी सर्वेक्षणले दैनिक २० खिल्ली बढी चुरोट सेवन गर्नेहरुमा १५ देखि १७ वर्ष उमेर समूहका बढी रहेको देखाएको छ। सर्वेक्षणमा सहभागी सो उमेर समूहका कुल एक हजार ८९९ जनामध्ये ९.५ प्रतिशतले दैनिक २० खिल्लीभन्दा माथि चुरोट सेवन गर्ने गरेको बताएका थिए।यस्तै उक्त प्रतिवेदनले सुर्तीजन्य पदार्थको प्रयोगकर्ता धनी व्यक्ति भन्दा गरीव व्यक्ति बढी रहेको देखाएको छ। सर्वेक्षणले अति गरीव वर्ग २५.५ प्रतिशत सुर्तीजन्य पदार्थको कुलतमा लाग्दा अति धनी वर्गका १६.१ प्रतिशत मात्रै सुर्तीजन्य पदार्थको कुलतमा लागेको देखाएको छ।

यता दिगो विकासका लक्ष्यअनुसार सन् २०३० सम्म सुर्तीजन्य पदार्थको उपभोगमा ५० प्रतिशतले कमी ल्याई १५ प्रतिशतमा घटाउने सरकारी लक्ष्य रहेको छ। यसको लागि विगत एक दशकमा सुर्तीजन्य पदार्थ विरुद्धका नीति नियम बनाई जति कार्यक्रम गरि पनि सुर्तीजन्य पदार्थको उपभोग नियन्त्रणमा अपेक्षित नतिजा भने आएको देखिदैन।

केही वर्ष अघिसम्म नेपाल विभिन्न प्रकारका सरुवा रोगका कारण जोखिममा परेको पाइने गर्थे। तर पछिल्लो वर्षहरुमा सरुवा रोगले मौसमी रूपमा सताउने गरे पनि स्थायी रूपमा भने अहिले नेपालमा नसर्ने रोगले गुज्रिरहेको छ।

त्यसैले नेपालमा पछिल्लो वर्षहरुमा नसर्ने रोगहरुको जोखिम बढ्दै गएको चिकित्सकहरुले बताउने गरेका छन्।

नेपाल मात्रै होइन अहिले नेपाल जस्ता विकासोन्मुख देशहरु नसर्ने रोगको उच्च जोखिममा पर्ने गरेका छन।

यसको विभिन्न कारणमध्ये प्रमुख कारण धूमपान तथा सुर्तीजन्य पदार्थको सेवनलाई लिने गरिन्छ।

धूमपान तथा सुर्तीजन्य पदार्थको सेवनले विभिन्न प्रकारका क्यान्सर, मुटु रोग, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग र मधुमेह जस्ता जटिल प्रकारका नसर्ने रोग जोखिम बढाइरहेको विभिन्न अध्ययनले देखाउँदै आएको छ।

यसरी आजका युवा उमेर समुहका मानिसहरुले नै सबैभन्दा धेरै सुर्तीजन्य पदार्थको सेवन गर्दा भविष्यमा नसर्ने रोगहरुको भार अझै बढ्ने विज्ञहरुले बताउँदै आएका छन्।

# एपीएफ झापा गोल्डकपको सेमिफाइनलमा प्रवेश

बिर्तामोड, माघ २८ । सशस्त्र प्रहरीको एपीएफ फुटबल क्लबले हरि कार्कीको ह्याट्रिक मद्दतमा भुटानको रोयल थिम्पु कलेजलाई ४-१ गोल अन्तरले पराजित गर्दै सातौं झापा गोल्डकपको सेमिफाइनल प्रवेश गरेको छ । डोमालाल राजवंशी रंगशालामा भएको एकपक्षीय खेलमा एपीएफले खेल अवधिभर भुटानलाई दबाबमा राखेको थियो ।

खेलको छैटौं मिनेटमै एपीएफले



गोलको खाता खोल्यो । एपीएफका स्ट्राइकर प्रदिप लामाले करिब ३० यार्डबाट गरेको लङ रेञ्जर सटले जाली चुमेको थियो । एपीएफको लागि अर्को गोल कप्तान हरि कार्कीको नाममा रह्यो । उनले खेलको १८ औं मिनेटमा दिपेश धिमालले डिबक्समा मिलाइदिएको पासलाई गोल गर्दै अग्रता दोब्बर बनाएका थिए ।

एपीएफका लागि तेस्रो गोल पनि कप्तान कार्कीकै नाममा रह्यो । २२ औं मिनेटमा समिराज थोकरले गरेको प्रहार भुटानका गोलरक्षक टासी नोर्बुबाट रिबाउन्स भएको बललाई सदुपयोग गर्दै कार्कीले टिमको जित निश्चित गरेका थिए ।

खेलको ८३ औं मिनेटमा गोल गर्दै एपीएफका कप्तान कार्कीले ह्याट्रिक पूरा गरे । भुटानका गोलकिपरबाट रिबाउन्स भएको बललाई डिबक्समा अनमार्क रहेका कार्कीले गोल गर्दै ह्याट्रिक पूरा गरेका थिए । योसँगै जारी प्रतियोगितामा हालसम्म ह्याट्रिक गर्ने कार्की एक्ला खेलाडी बनेका छन् ।

भुटानको लागि एक मात्र सान्त्वना गोल पेनाल्टीबाट सम्भव भयो । खेलको ७९ औं मिनेटमा किन्जाङ तेन्जिङ शेर्पालाई एपीएफका दिपेश धिमालले डिबक्समा फल गरेपछि भुटानले पेनाल्टी पाएको थियो । शेर्पाले नै पेनाल्टीमार्फत गोल गरेका थिए । खेलमा एपीएफले आक्रमक तथा भुटानले रक्षात्मक खेल प्रस्तुत गरेका थिए । एपीएफले खेलको ३ मिनेटमै विपक्षी पोष्टमा आक्रमण सुरु गरेको थियो । एपीएफका दिपेश धिमालले गरेको प्रहार भुटानका गोलकिपरले मुश्किलले जोगाएका थिए । १६ औं मिनेटमा गोलकिपर बिट भइसकेको अवस्थामा समिराज थोकरले गरेको अर्को प्रहार भुटानका डिफेन्डरले गोल लाइनबाट बचाए ।

सुरुको २२ मिनेटमै तीन गोल खाएको भुटानले खेलको २८ औं मिनेटमा अग्रता कम गर्ने अवसर पाएको थियो । सोनाम यासेले गोलपोष्ट नजिकै पाएको बललाई सदुपयोग गर्न सकेनन् । त्यस्तै, ७८ औं मिनेटमा जिग्मे सुल्ट्रिमको फ्रिकिक क्रस बारमा लागेर बाहिरिँदा भुटान स्कोर अन्तर घटाउन चुकेको थियो । खेलको प्लेयर अफ द म्याच विजेता टिम एपीएफका ह्याट्रिककर्ता हरि कार्की घोषित भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए ।

बिहीबारको अन्तिम क्वार्टर फाइनल खेल मछिन्द्र एफसी र एन पेनाङ मलेसियाबीच हुनेछ । प्रतियोगितामा बिर्तामोडको महेन्द्ररत्न स्टोर्सले प्रत्येक दिन टिकट लिएर खेल हेर्ने दर्शकमध्ये एकजनालाई एकथान टेलिभिजन उपलब्ध गराउँदै आएको छ । त्यस्तै, पहिलो दिनदेखि फाइनलसम्म टिकट लिएर खेल हेर्ने एकजना दर्शकलाई यामाहाको स्कुटर प्रदान गरिने आयोजकले जनाएको छ ।

प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ ।

विधागततर्फ उत्कृष्ट कोच, हाई स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगिताको फाइनल खेल फागुन ४ गते हुनेछ ।

## गोल्डकपलगत्तै डोमालालकी छोरीको घर बनिने

झापा, माघ २८ । डोमालाल राजवंशी रंगशालामा जारी सातौं झापा गोल्डकप सकिनेवित्तिकै जग्गादाता राजवंशीकी छोरी सम्पत्तिको घर निर्माण हुने भएको छ ।

आगामी फागुन ४ गते झापा गोल्डकपको फाइनल खेल हुँदैछ । गोल्डकप सकिनेवित्तिकै जग्गादाता डोमालाल राजवंशीकी छोरी



सम्पत्तिको घर बनाइदिने कार्यमा लाग्ने झापा गोल्डकपका अध्यक्ष केदार गिरीले बताए । उनले मंगलवार सम्पत्तिको झुप्रोमा पुगेर घर बनाइदिने ठाउँ हेरेका थिए । ‘ दाता डोमालालकी छोरीको अबस्था नाजुक लाग्यो’ उनले भने ,‘ गोल्डकप सकिएपछि हामी सबै घर निर्माण कार्यमा जुट्छौं । ’ उनले त्यस कार्यमा सबैलाई सहयोग गर्न आव्हानसमेत गरेका छन् ।

गोल्डकप उद्घाटनका दिन जग्गादाता स्वर्गीय डोमालाल राजवंशीको अर्धकदको शालिक अनावरण भएको छ । पूर्व अध्यक्ष स्वर्गीय बिनोद बस्नेतले छैटौ गोल्डकपपछि डोमालालकी छोरी सम्पत्तिको घर निर्माण गर्न आर्थिक संकलन थालेका थिए ।

त्यसक्रममा सहयोगीहरुबाट करिव १५ लाख रुपैयाँ सहयोग दिने बचन प्राप्त भएको थियो । तर, घर निर्माण कार्य बीचमा सेलाएको थियो । करिव १३ विगाह जग्गा दान दिएका डोमालाल राजवंशीको परिवारको अवस्था अहिले अत्यन्त नाजुक रहेको छ ।

## झापामा पहिलो पटक अन्तर्राष्ट्रियस्तरको अर्थोकोन सम्मेलन

झापा, माघ २८ । झापा जिल्लामै पहिलो पटक हाडजोर्नी विशेषज्ञ डाक्टर हरूको अन्तर्राष्ट्रियस्तरको अर्थोकोन सम्मेलन २०२६ बिहीवारदेखि सुरु हुँदैछ । नेपाल अर्थोपेडिक एसोसिएसनको ३१ औं वार्षिक साधारण सभाको अवसरमा झापामा अन्तर्राष्ट्रियस्तरको अर्थोकोन सम्मेलन गर्न लागेको बुधबार बिर्तामोडमा आयोजित पत्रकार भेटघाटमार्फत आयोजक समितिले जानकारी गराएको हो ।

माघ २९ देखि फागुन ३ गतेसम्म सञ्चालन हुने यस अर्थोकोन महाकुम्भमा १०० भन्दा बढी हाडजोर्नीका अन्तर्राष्ट्रिय चिकित्सकहरू सहभागी रहनेछ भने नेपालबाट ४०० भन्दा बढीको चिकित्सकहरूको सहभागिता रहने अर्थोकन सम्मेलन आयोजक समितिका अध्यक्ष डा. लक्ष्मी मैनालीले जानकारी दिए । यो सम्मेलनमा भारत, भुटान, बंगलादेशसहित १० वटा देशबाट हाडजोर्नीका चिकित्सकहरू आउने उनले बताए । अर्थोकोनअन्तर्गत माघ २९ गते बिर्तामोडका तीन वटा अस्पतालमा प्रिकन्फरेन्स वर्कसप सञ्चालन गरिनेछ भने फागुन १, २ र ३ गते मेचीनगरस्थित होटल मेची क्राउन धुलाबारीमा अन्तर्राष्ट्रिय सेमिनारको मुख्य कार्यक्रम आयोजना गरिने आयोजक समितिका महासचिव डा. रुपेशजंग बेलबासेले जानकारी दिए ।

युवा सर्जनहरूको लागि यो सम्मेलन विशेष रहनेछ । नेपालमै अर्थोपेडिक बिरामीहरूमा प्रयोग गर्ने टेक्नोलोजीहरू प्रदर्शन गर्नुका साथै हाम्रा देशका चिकित्सकहरूले बनाइएका तीन वटा उपकरणहरू पनि सम्मेलनमा ल्याउने महासचिव डा. बेलबासेले बताए ।

यो कार्यक्रममा नेपाल अर्थोपेडिक एसोसिएसनका अध्यक्ष डा. विमलकुमार पाण्डे, जनरल सेक्रेटरी डा. नागमणि सिंह, डा. विजेन्द्र अधिकारी, डा. निराजनप्रसाद पराजुली र डा. प्रेमबहादुर शाहीलगायतले सहयोग गरेका छन् ।

कार्यक्रमका लागि कोशी प्रदेश सरकारबाट ५ लाख रुपैयाँ, औषधि कम्पनीहरू, इम्प्लान्ट कम्पनी तथा अन्य उद्योगी, व्यवसायी संघसंस्थाहरुको आर्थिक सहयोग रहने जनाइएको छ ।

# पूर्वाञ्चल प्लाष्टिक पाईप इन्डष्ट्रिज पब्लिकमा रूपान्तरण

बिर्तामोड । झापाको बिर्तामोड-२ मा करिब १० वर्षअघि स्थापना भएको पूर्वाञ्चल प्लाष्टिक पाईप इन्डष्ट्रिज प्रालि निजी कम्पनीबाट पब्लिक कम्पनीमा



रूपान्तरण भएको छ। कम्पनीले सेवा विस्तार र पूँजी वृद्धि गर्ने उद्देश्यसहित सामूहिक सहभागितातर्फ अघि बढ्दै सार्वजनिक कम्पनीको रूप लिएको हो।

बजारको बढ्दो माग र उद्योगमा हासिल गरेको अनुभवलाई मध्यनजर गर्दै द्रुत गतिमा विस्तार गर्नुपर्ने आवश्यकता देखिएपछि कम्पनीलाई पब्लिकमा रूपान्तरण गरिएको व्यवस्थापनले जनाएको छ। यससँगै कम्पनीको चुक्ता पुँजी हाल १३ करोड रुपैयाँ पुगेको छ भने चार जना नयाँ शेयरधनी थपिएका छन्।

कम्पनीको योजना अनुसार आर्थिक वर्ष २०८२/८३ मा नयाँ मेसिन जडान, उपकरण खरिद, जग्गा खरीद तथा चालु पुँजीमा गरी १४ करोड ४१ लाख रुपैयाँ लगानी गरिनेछ। यसबाट वार्षिक बिक्री १५ करोडबाट २५ करोड रुपैयाँ पुग्ने अनुमान गरिएको छ। त्यसैगरी आर्थिक वर्ष २०८३/८४ मा थप संरचना र अत्याधुनिक उपकरणमा १२ करोड १० लाख रुपैयाँ लगानी गरिनेछ, जसले बिक्रीलाई ६० करोड रुपैयाँसम्म पुऱ्याउने लक्ष्य लिइएको छ।

विर्तामोडमा गुणस्तरीय पाइप उत्पादन गर्दै आएको कम्पनीले अब आईपीओमार्फत सर्वसाधारणलाई लगानीको अवसर प्रदान गर्ने योजना बनाएको जनाएको छ।

बुधवार कम्पनीद्वारा आयोजित पत्रकार सम्मेलनमा कम्पनीका अध्यक्ष गोपालप्रसाद मैनाली, प्रवन्ध सञ्चालक मातृका ओली, सञ्चालक प्रकाश सिटौला, वित्तीय निर्देशक प्रज्वल अधिकारी शर्मा, कम्पनी सचिव किशोरकुमार कुशवाह, वित्तीय व्यवस्थापक सुमन खतिवडालगायतले कम्पनीका बिषयमा जानकारी गराएका थिए ।


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | Gli-०००६४७३ | सोनिस्मा खरेल | बिर्तामोड, झापा |


### तेस्रो ...

अन्तरले निदीलाई पछि पार्दै उपाधि हात पारेको हो ।

एभरेष्ट स्मार्ट एकेडेमी बिद्यालय ब्यवस्थापन समितिका अध्यक्ष आशिष प्रसाईको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा झापा-११ फुटवल क्लवका अध्यक्ष तथा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरुङको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि गुरुङ, नेपाल पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी, राष्ट्रिय उपभोक्ता मञ्च, झापाका अध्यक्ष मदनगोपाल सुब्वा, बिर्तामोड नगर शिक्षा शाखा अधिकृत जानुका रेग्मी, प्याब्सन बिर्तामोड अध्यक्ष सुरेन्द्र खरेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा स्वागत गर्दै विद्यालयका प्रिन्सिपल अनुप शर्माले विद्यालयका संस्थापक प्रसाईंको स्मृतिमा हरेक बर्ष उक्त प्रतियोगिता हुँदै आएको जानकारी दिए । कार्यक्रमको सञ्चालन शिक्षक तृष्णा अधिकारीले गरेकी थिइन् । प्रतियोगितामा सुनभागा स्कूल, टावर टेम्पल, गोमेन्द्र, बाल बाटिका, चिल्ड्रेन इन्भारोमेन्ट, मेची मोडल, निधि, ग्रिन फिल्ड, ब्रिलियन्ट पिपुल्स, देवकुल, होलीवेल, वेल्स मोडल, कञ्चनजंघा, कञ्चन, सूर्योदय, हरिकुल, बाल्मीकि प्रोभिडेन्स र न्यूटन्स एजुकेशन एकाडेमीले भाग लिएका थिए ।

## काठमाडौंबाट लुटपाट गरी भागेका दुई लुटेरा बिर्तामोडमा पक्राउ

झापा, माघ २८ । काठमाडौंबाट लुटपाट गरी फरार भएका दुईजना अभियुक्त बिर्तामोडमा पक्राउ परेका छन् । मंगलवार राति ११ बजे बिर्तामोड वडा न. १ पाथीभरा सिनेप्लाजा छेउबाट इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको सादा पोसाकको टोलीले पक्राउ गरेको हो । पक्राउ पर्नेहरुमा इलाम सूर्योदय नगरपालिका वडा न.१४बस्ने बर्ष ३३का दिपक राई र सुर्खेत चिगर गाउँपालिका वडा न.५बस्ने ४१ वर्षीय रमेश कुडा मगर रहेका छन् । उनीहरु काठमाडौ महानगरपालिका -१४ स्थित ध्याङखेलबाट कुटपिट तथा लुटपाट गरी फरार भएका थिए । उनीहरुलाई आवश्यक अनुसन्धान तथा कानुनी कार्वाहीका लागि काठमाडौ पठाइने जनाइएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

### १५ दिने सूचना

सधियार पूर्वः श्री कमल वेगा, दक्षिणः श्री सुमन कार्कीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री सरिता मादेनले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १८०० १२१ | ३५७ | १४०.६० | २०८२/ १० /०८ | २०८२/ १० /०८ | २०८२/ १० /२७ |



## योग गरौं, स्वस्थ जीवन अपनाऔं

- नियमित व्यायाम तथा योगले तनावबाट राहत दिन्छ ।
- योग अभ्यासले शरीरलाई लचिलो, मनलाई शान्त र सोचलाई सकारात्मक बनाउँछ ।
- नियमित योगले उच्च रक्तचाप, मधुमेह, मोटोपन तथा तनावजन्य रोग नियन्त्रण गर्न मद्दत गर्छ ।
- विहान वा साँझ कम्तीमा ३० मिनेट योग अभ्यास गर्ने बानी बसालौं ।
- योग गर्दा स्वच्छ वातावरण, खाली पेट र सहज आसनको प्रयोग गरौं ।
- बालबालिका, युवा, वृद्ध सबैका लागि योग लाभदायक छ ।
- योग उपचारात्मक भन्दा रोग निरोधात्मक विधि हो ।
- योग गरौंः स्वास्थ्य बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मितिः २०८२/१०/२९

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई एवं नेपाल सरकार, अध्यागमन बिभागमा पासपोर्ट जफत गर्ने कार्य गर्न समेत लेखि पठाईने छ । कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सुचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| शाखा कार्यालय : दमक | कर्जा शिर्षक : आवास कर्जा र व्यावसायीक आवधिक कर्जा । |
|---|---|
| **ऋणी, धितो सूरक्षण र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिन पुस्ते विवरण** | |
| **१. ऋणी :** दमक नगरपालिका, ६ नं. वडा कार्यालय दमक झापामा मिति २०७७/०७/२४ मा दर्ता नं. ०६-३२-०३२६ अन्तरगत रजिष्ट्र्ड/दर्ता भएको रजिष्ट्र्ड ठेगाना झापा जिल्ला, दमक न.पा, वडा नं. ६ भएको **स्वप्नील ट्रेड कन्सर्न**को तर्फबाट ऐ. का प्रोपाईटर टिकाराम खड्काको नातिनी, कविराज खड्काको छोरी, लक्ष्मण पाण्डेको पत्नी नागरिकता बमोजिम पाँचथर जिल्ला, सराङ्गडांडा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला दमक न.पा. वडा नं. ६ बस्ने मिति २०६४/०४/९ मा जिल्ला प्रशासन कार्यालय पाँचथरबाट जारी गरिएको ना.प्र.प.न. ०२१०२३/८४७ भएको बर्ष ३४ की **रमा देवी खड्का** ।<br>**२. ऋणी :** टिकाराम खड्काको नातिनी, कविराज खड्काको छोरी, लक्ष्मण पाण्डेको पत्नी नागरिकता बमोजिम पाँचथर जिल्ला, सराङ्गडांडा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला दमक न.पा. वडा नं. ६ बस्ने मिति २०६४/०४/९ मा जिल्ला प्रशासन कार्यालय पाँचथरबाट जारी गरिएको ना.प्र.प.न. ०२१०२३/८४७ भएको बर्ष ३४ की **रमा देवी खड्का** । | |
| **धितो सूरक्षणको विवरण** : रमा देवी खड्काको नाममा मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. १ स्थित कि.नं. १४९७१ र १४९६८ को क्षेत्रफल क्रमश : ०-०-१ र ०-०-८ जग्गा, उल्लेखित जग्गामा निर्मित घर र उल्लेखित घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| **व्यक्तिगत जमानतकर्ता :**<br>नाम : लक्ष्मण पाण्डे<br>बाबु : हर्क बहादुर पाण्डे<br>बाजे : चन्द्र बहादुर पाण्डे<br>ना.प्र.नं : ३४७५/५८८ (जारी मिति : २०६१/०९/२८, इलाम)<br>ठेगाना : इलाम जिल्ला आमचोक गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भै हाल झापा जिल्ला दमक न.पा. वडा नं. ६ बस्ने । | **व्यक्तिगत जमानतकर्ता :**<br>नाम : चन्द्र प्रकाश पाण्डे<br>बाबु : हर्क बहादुर पाण्डे<br>बाजे : चन्द्र बहादुर पाण्डे<br>ना.प्र.नं : ५१२६ (जारी मिति : २०६३/०१/३१, झापा)<br>ठेगाना : इलाम जिल्ला आमचोक गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भै हाल झापा जिल्ला दमक न.पा. वडा नं. ६ बस्ने । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असुली विभाग


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# घोषणापत्र हावादारी नहोस्

आगामी निर्वाचनमा उम्मेदवारी दिएका राजनीतिक दलहरुले आआफ्नो चुनावी घोषणापत्र सार्वजनिक गर्दैछन्। यसक्रममा नेपाली कम्युनिष्ट पार्टीले मंगलवार घोषणापत्र सार्वजनिक गरेको छ ।

देशको फरक परिस्थितिमा फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन हुँदै छ । आवधिक हिसाबले यो निर्वाचन २०८४ सालमा हुनुपर्ने थियो । २०७९ सालमा भएको प्रतिनिधि सभाको समयावधि तीन वर्ष पनि पूरा हुन पाएको थिएन । सरकारप्रति असन्तुष्टि देखियो। विधायिकाप्रति पनि सन्तुष्टि देखिएन । नवपुस्ता अर्थात् जेनजी भदौ २३ गते शान्तिपूर्ण विरोध भन्दै राजधानीको बानेश्वरस्थित संसद् भवनतर्फ अग्रसर भए । शान्तिपूर्ण भनिएको विरोध हिंसात्मक बन्न पुग्यो। गोली चल्यो। होनहार नवपुस्तामाथि गोली चलेपछि मुलुक अस्वाभाविक दिशामा अग्रसर भयो । भोलिपल्ट आन्दोलनको स्वरूप झनै हिंसात्मक बन्यो, व्यापक घुसपैठ भयो । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकालगायत भौतिक संरचना खरानी भए; ७६ जनाको ज्यान गयो । सरकारी संरचनासँगै निजी क्षेत्रमा पनि व्यापक आगजनी र तोडफोड भयो । निजी क्षेत्रको मनोबल चकनाचुर पारियो। लगानीमै प्रतिकूल असर पर्न थाल्यो। बैंक्त तथा वित्तीय संस्थामा १२ खर्ब रुपियाँ निक्षेप छ, ब्याजदर पनि तल्लो विन्दुमा छ तर लगानीको वातावरण देखिएको छैन । यस्तो अवस्थामा हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनमा मुलुकको अर्थतन्त्रप्रति राजनीतिक पार्टीको दृष्टिकोण के कस्तो रहने भन्ने मूलभूत प्रश्न सबैका सामु छ। राजनीतिक पार्टीले अहिलेसम्म घोषणापत्र सार्वजनिक गरेका छैनन् । घोषणापत्र निर्माणमा गृहकार्य भइरहेको भनिएका बेला देशको निजी क्षेत्रले दलका घोषणाप्रति चासो दिन थालेको छ ।

संविधान अनुसार २७५ सदस्यीय प्रतिनिधि सभा जननिर्वाचित विधायिका हो। संसद्को तल्लो सदन प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक पद्धतिबाट सदस्य निर्वाचित हुने व्यवस्था छ। ११० सदस्यीय समानुपातिक र १६५ स्थान प्रत्यक्ष निर्वाचनबाट पूरिपूर्ति हुने छ । राजनीतिक पार्टी तथा स्वतन्त्र उम्मेदवार उम्मेदवारी तय गरी निर्वाचनको मैदानमा छन्। देशभरिकै उद्योगी व्यवसायीले राजनीतिक दलको घोषणापत्रमा आर्थिक विषयवस्तु समेट्न सुझाव दिइरहेका छन् । आर्थिक समृद्धिका कुरा गरेर मात्र हुँदैन। त्यो कसरी ल्याउने भनेर उपाय देखाइनु पर्छ ।



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# दिगो विकासको मार्ग



• दोरेन्द्रबहादुर थापा

संघीय लोकतान्त्रिक गणतन्त्रको संरचनाले देशमा सामाजिक समावेशी र विकेन्द्रीकरणको अवसर सिर्जना गरेको छ तर दिगो विकास गर्ने काम अधुरो नै छ । विकास भनेको केवल भौतिक संरचनाको निर्माण मात्र होइन; यो त मानिसको जीवनस्तरमा आएको गुणात्मक परिवर्तन हो। नेपालको सामाजिक, आर्थिक र राजनीतिक दिगो विकासका लागि बजेट र नीति मात्र होइन, नागरिकको चेतना, सहभागिता, इमानदारी र आत्मनिर्भरतासहित उद्यमशीलताको पनि खाँचो छ ।

दिगो विकास भनेको कुनै एक पक्षमा होइन, बरु सामाजिक न्याय, आर्थिक समानता, राजनीतिक स्थिरता र वातावरणीय सन्तुलनको बिचमा सूक्ष्म सामञ्जस्यको कला हो । यो एउटा यस्तो यात्रा हो, जसमा अल्पकालीन लाभभन्दा दीर्घकालीन स्थिरतालाई प्राथमिकता दिइन्छ । यस यात्राको सुरुवात र समापन जनतामै निहित छ । जनताको चेतना नै यसको इन्धन हो, सहभागिता यसको गति हो, इमानदारी यसको दिशा हो र आत्मनिर्भर उद्यमशीलता यसको गन्तव्य प्राप्तिको माध्यम हो । हामी सबैले यस्ता विषयलाई केन्द्रविन्दु बनाएर नेपालको विकासको मार्गको पुनरवलोकन गरी अगाडि बढ्नु वर्तमानको र भविष्यको आवश्यकता हो ।

### चेतना

कुनै पनि राष्ट्रको जग त्यसका नागरिकको चेतनाको स्तरमा अडिएको हुन्छ । चेतना भनेको केवल साक्षरता मात्र होइन, यो त आफ्नो हक, अधिकार र कर्तव्यप्रति सजग रहनु हो । जबसम्म नागरिकहरू 'म र मेरो' भन्दा माथि उठेर 'हामी र हाम्रो राष्ट्र' भन्ने भावनाले ओतप्रोत हुँदैनन्, तबसम्म दिगो विकास सम्भव छैन । आजको आवश्यकता अन्धविश्वास, कुरीति र सङ्कीर्ण सोचबाट मुक्त समाजको निर्माण हो । वैज्ञानिक चिन्तन र सामाजिक न्यायप्रतिको जागरूकताले मात्र नागरिकलाई प्रश्न सोध्न सक्ने र जिम्मेवार बनाउँछ ।

साक्षर हुनु र चेतनशील हुनु बिचमा ठुलो अन्तर छ । नेपालमा साक्षरताको दर लगातार बढ्दै गएको छ तर 'नागरिक चेतना' को स्तर त्यति नै द्रुत गतिमा उकालो चढेको छैन । नागरिक चेतना भनेको केवल पढ्न लेख्न सक्नु मात्र होइन, आफ्नो अधिकार र कर्तव्यप्रति सजग हुनु, राज्यसँगको सम्बन्धलाई बुझ्नु र सामूहिक भलाइका लागि आफ्नो भूमिका खेल्नु हो । यो चेतना नै स्वस्थ लोकतन्त्र र दिगो विकासको प्राथमिक आधार हो ।

वर्तमान नेपाली समाजमा अधिकारप्रति त ध्यान दिइन्छ तर कर्तव्यप्रतिको चेतना अत्यन्त कमजोर छ । कर चुक्ता नगर्ने, सार्वजनिक सम्पत्तिलाई हेरचाह नगर्ने, आफ्नो मतदानको गुरुत्व नबुझ्ने जस्ता घटना यसैका प्रतिविम्ब हुन् । यसलाई बदल्न शिक्षा प्रणालीलाई रूपान्तरण गर्नु जरुरी छ । साथै, सञ्चार माध्यमले जनचेतना अभियानलाई प्राथमिकतामा राखेर सामाजिक सन्देश प्रसारण गर्न सक्छ। नागरिक समाजले स्थानीय स्तरमा चेतना जगाउने कार्यशाला र छलफल अभियान चलाउनु पर्छ ।

### जनसहभागिता

नेपालले औपचारिक रूपमा लोकतन्त्रलाई आत्मसात् गरेको छ तर यसको आत्मा भनेको जनसहभागिता हो । सहभागिता मतदान गर्नु मात्र होइन । यसले नीति निर्माणदेखि योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्मको पूर्ण चक्रमा नागरिकको सक्रिय उपस्थितिलाई जनाउँछ। सङ्घीयताको सन्दर्भमा स्थानीय सरकार सहभागिताको उत्कृष्ट प्रयोगस्थल हुन सक्छन् तर गाउँपालिका र नगरपालिकाको बजेट, योजना र कार्यक्रममा सामान्य नागरिकको अर्थपूर्ण हस्तक्षेप अझै न्यून छ । यसलाई बदल्न 'सामाजिक अडिट,' 'सार्वजनिक सुनुवाइ' र 'जनसुनुवाइ' जस्ता औजार प्रभावकारी बनाउनु पर्छ । डिजिटल प्लेटफर्म जस्तै : नागरिक सुझाव पोर्टल वा मोबाइल एप्समार्फत सहभागितालाई सहज र व्यापक बनाउन सकिन्छ ।

सहभागिता तबसम्म अपूर्ण हुन्छ, जबसम्म महिला, दलित, जनजाति, युवा र अल्पसङ्ख्यक समुदायका सदस्य निर्णय प्रक्रियामा समान रूपमा संलग्न हुन पाउँदैनन् । यिनीहरूको आवाजलाई सुन्नु र यिनीहरूको विशेष आवश्यकतालाई योजनामा समावेश गर्नु नै समावेशी विकासको मूल आधार हो। सहभागी लोकतन्त्र भनेको 'सबैका लागि, सबैको साथ' को सिद्धान्तमा चल्ने तन्त्र हो। विकासमा जनताको सहभागिता केवल श्रमदानमा मात्र सीमित हुनु हुँदैन । नीति निर्माणदेखि कार्यान्वयन र प्रतिफलको बाँडफाँटसम्म जनताको स्वामित्व हुनु पर्छ । जब जनताले कुनै पनि आयोजना वा परिवर्तनलाई 'मेरो हो' भनेर महसुस गर्छन्, तब मात्र त्यसको दिगोपन सुनिश्चित हुन्छ ।

### इमानदारी र आत्माअनुशासन

नेपालमा भ्रष्टाचार एउटा गम्भीर रोगको रूपमा बिस्तारै समाजको संस्कारमै सामेल हुँदै गएको छ । सानो कामका लागि 'चाय खर्च' दिनु वा ठुलो योजनामा 'कमिसन' खानु समान रूपमा सामान्यीकृत हुँदै गएको छ । यसले केवल आर्थिक नोक्सान मात्रै गर्दैन, बरु राज्य र नागरिकबिचको विश्वासको अटुट बन्धनलाई नै क्षीण बनाउँछ । नेपालको विकासको सबैभन्दा ठुलो अवरोध भ्रष्टाचार र नैतिक स्खलन हो । हामीसँग राम्रा नीति छन् तर तिनको कार्यान्वयनमा इमानदारीको खडेरी छ । आत्मअनुशासन भनेको कसैले नदेख्दा पनि सही काम गर्नु हो । जबसम्म कर्मचारीतन्त्रमा इमानदारी, राजनीतिमा नैतिकता र नागरिकमा आत्मअनुशासन हुँदैन, तबसम्म जतिसुकै वैदेशिक सहायता आए पनि मुलुकको कायापलट हुँदैन । राजनीतिक दलहरूले सत्तालाई साध्य होइन, सेवाको साधन बनाउनु पर्छ । भ्रष्ट आचरणलाई सामाजिक रूपमा बहिष्कार गर्ने संस्कृतिले मात्रै सुशासनको जग बसाल्छ ।

इमानदारी व्यक्तिबाट सुरु हुन्छ तर यो व्यक्तिगत चरित्र मात्र होइन, एउटा सामूहिक सार्वजनिक संस्कार हो । यसका लागि आत्मअनुशासन आवश्यक छ । आत्मअनुशासन भनेको कानुनले बाध्य गराउनेभन्दा आफ्नै स्वविवेक र नैतिकताबाट प्रेरित भई सही काम गर्ने प्रतिबद्धता हो । काम जति सानो वा ठुलो भए पनि, आफूले गरेको कामप्रति जवाफदेही हुनु नै आत्मअनुशासन हो ।

### आत्मनिर्भरता

दशकौँदेखि नेपालको अर्थतन्त्र वैदेशिक सहायता, विप्रेषण र आयातमा निर्भर छ । यी तीन वटा स्तम्भ अस्थायी र बाह्य सदस्यबाट आएका हुनाले अर्थतन्त्रलाई भित्रबाट कमजोर बनाउँछन् । सहायतामुखी मानसिकताले आत्मविश्वासलाई कुण्ठित गर्छ । विप्रेषणले उत्पादक क्षेत्रमा लगानी बढ्दैन र आयातले स्थानीय उद्योगलाई नै मार्छ । आत्मनिर्भरता भनेको बन्द अर्थतन्त्र होइन, बरु आफ्नो मूल स्रोत र क्षमतामा विश्वास गर्ने अवस्था हो । नेपालसँग कृषि, जलस्रोत, पर्यटन, वन, खनिज र सबैभन्दा महत्वपूर्ण युवा मानव संशाधनको अपार सम्भावना छ। आत्मनिर्भरताको पहिलो कदम यिनै स्रोतको उपयुक्त दोहन र मूल्यवर्धन हो। यसका लागि 'स्थानीय उत्पादन र खपत' लाई राष्ट्रिय अभियान बनाउनु पर्छ। आत्मनिर्भरता राष्ट्रिय स्वाभिमानसँग जोडिएको छ । यसले हामीलाई बाह्य आघातबाट सुरक्षा दिन्छ र अन्तर्राष्ट्रिय मोलतोलमा सम्मानजनक स्थान दिलाउँछ ।

### उद्यमशीलता

निरन्तर बढ्दो बेरोजगारी, विशेष गरी युवा बेरोजगारी, नेपालको सबैभन्दा ठुलो आर्थिक समस्या हो । यसले नै युवालाई जोखिमपूर्ण वैदेशिक रोजगारीतर्फ धकेलिरहेको छ। यस समस्याको एक मात्र टिकाउ समाधान भनेको देशभित्रै रोजगारी सिर्जना गर्ने उद्यमशीलताको संस्कृतिलाई बढावा दिनु हो । उद्यमशीलता भनेको केवल व्यवसाय सुरु गर्नु मात्र होइन, यो एउटा मानसिकता हो । यो समस्यालाई अवसरमा परिणत गर्ने सोच, जोखिम उठाउने साहस र नयाँपन ल्याउने नवप्रवर्तनको संयोजन हो । नेपालमा पर्यटन, कृषि, सूचना प्रविधि, स्वास्थ्य सेवा र हरित ऊर्जा जस्ता क्षेत्रमा उद्यमशीलताको असीम सम्भावना छ।

नेपालको अर्थतन्त्र विप्रेषणको टेकोमा उभिएको छ। यो दिगो हुन सक्दैन। विदेशी भूमिमा पसिना बगाउनुको सट्टा आफ्नै माटोमा उद्यमशीलताको विकास गर्नु आजको प्रमुख आवश्यकता हो तर यस सम्भावनालाई साकार गर्न उद्यमीहरूलाई सहयोगी वातावरण चाहिन्छ। एक सबल 'स्टार्टअप इकोसिस्टम' जसमा सहज कर्जा, इन्क्युबेसन सेन्टर, बजार सम्बन्धन, मेन्टरसिप र नीतिगत सहयोग आवश्यक छ। विशेष गरी महिला उद्यमीलाई पुँजी, तालिम र सञ्जालमा पहुँच प्रदान गर्नु जरुरी छ । साथै परम्परागत हस्तकला, कृषिजन्य उत्पादन र स्थानीय खाद्यपदार्थमा आधारित उद्योगलाई संरक्षण र प्रवर्धन गर्नाले ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउँछ । उद्यमशीलता नै रोजगारी र समृद्धिको इञ्जिन हो, जसले आत्मनिर्भर अर्थतन्त्रको नींव राख्छ।

### सामाजिक, आर्थिक र राजनीतिक सम्बन्ध

सामाजिक न्यायबिना आर्थिक समृद्धिले समाजमा खाडल बढाउँछ। आर्थिक समृद्धि बिना राजनीतिक स्थिरता निरर्थक हुन्छ । राजनीतिक स्थिरताबिना सामाजिक न्यायको माग पूरा हुन सक्दैन। त्यसैले, दिगो विकासका लागि यी तीन वटै क्षेत्रलाई समानान्तर रूपमा विकास गर्नु पर्छ । यसका लागि दलीय सहमतिमा आधारित नीति, विधिको शासन, र समानतामूलक वित्तीय वितरण आवश्यक छ । शिक्षा र स्वास्थ्य जस्ता मौलिक सेवामा सबैको पहुँच सुनिश्चित गर्नाले सामाजिक न्याय र मानव पुँजी दुवै बढ्छ, जसले आर्थिक विकासलाई इन्धन दिन्छ । आर्थिक अवसर बढ्दा सामाजिक अशान्ति घट्छ, जसले राजनीतिक स्थिरतालाई बलियो बनाउँछ । यो त्रिकोणात्मक सम्बन्ध नै दिगो प्रगतिको प्रस्थानविन्दु हो । यो लक्ष्य प्राप्तिका लागि शिक्षा प्रणालीमा व्यापक सुधार गरी 'सीपमूलक शिक्षा' मा जोड दिनु पर्छ । शैक्षिक प्रमाणपत्र बोकेर बिदेसिने जनशक्तिलाई स्वदेशमै अवसर सिर्जना गर्ने वातावरण राज्यले बनाउनु पर्छ ।

### निष्कर्ष

**नेपालको दिगो विकासको मार्ग एउटा सरल सूत्रमा निहित छ :**

सचेत, सहभागी, इमानदार, अनुशासित, आत्मनिर्भर र उद्यमशील नागरिक। यो एउटा समग्र रूपान्तरणको आह्वान हो, जसको सुरुवात हरेक व्यक्तिको आत्माबाट हुनु पर्छ। राज्यको भूमिका यस रूपान्तरणका लागि अनुकूल वातावरण, नीति र संस्थागत ढाँचा निर्माण गर्ने हुनु पर्छ तर विकासको वास्तविक चालक जनता स्वयम् हुनु पर्छ ।

विकासको नारा केवल भाषण र पोस्टरमा सीमित नहोस् । यो हाम्रो दैनिक आचरण, हाम्रो व्यावसायिक नीति, हाम्रो राजनीतिक प्रतिबद्धता र हाम्रो सामाजिक संस्कारमा झल्कनु पर्छ। आउनुहोस्, हामी सबै मिलेर यो ऐतिहासिक यात्राका यात्री बनौँ। हाम्रो गन्तव्य एउटा यस्तो नेपाल हो, जहाँ प्रत्येक नागरिकले गुणस्तरीय जीवन बिताउने अवसर पाओस् । नेपालको विकासको खाका कोर्ने समय घर्किसकेको छैन तर अबको बाटो परम्परागत शैलीको हुनु हुँदैन। नागरिक सचेत र सहभागी हुने, शासक इमानदार र अनुशासित बन्ने र अर्थतन्त्र उद्यमशीलता र आत्मनिर्भरतामा आधारित हुने हो भने विकासको नारा केवल कागजमा सीमित रहने छैन। गोपबाट

# सार्वजनिक जवाफदेहिता : सुशासनको आधार



• पूर्णचन्द्र भट्टराई

सार्वजनिक जवाफदेहिता सुशासनको आधार स्तम्भ मानिन्छ । जेन-जी विद्रोहको मुख्य मागहरूमा भ्रष्टाचार र नातावादको अन्त्य, पारदर्शी र जवाफदेही शासन सुनिश्चित गर्नेजस्ता विषयहरू प्रखर रूपमा प्रकट भए। यी मागहरू मूलतः सुशासनसँग जोडिएका छन्। आन्दोलनले नेतृत्वले आफूलाई प्रश्नभन्दा ठान्ने गरेकोमा औंला ठड्याउँदै जो सुकै पनि सार्वभौम नागरिकको प्रश्नबाट भाग्न नपाउने भन्दै प्रस्ट सार्वजनिक जवाफदेहिताको खोजी गरेका छन्।

सार्वजनिक जवाफदेहिता

सार्वजनिक पदमा रहेको व्यक्तिले स्रोतसाधन र शक्तिको प्रयोग गरी कार्यसम्पादन गर्न पाउने गरी अख्तियारी प्राप्त गरेको हुन्छ। यसरी प्राप्त अधिकार र स्रोतको प्रयोग गरेका निर्णय तथा सम्पादित कार्य र त्यसको परिणामका विषयमा जवाफ दिनु पर्दछ। लोकतान्त्रिक प्रणालीमा अख्तियार र जिम्मेवारी लिने व्यक्तिले सार्वजनिक जिम्मेवारी निर्वाहको क्रममा भए गरेका कामका बारेमा सरोकारवालालाई जवाफ दिने कार्यलाई सामान्य प्रणालीकै रूपमा आत्मसात् गरिएको हुन्छ। निर्वाचित प्रतिनिधि र सार्वजनिक प्रशासन दुवैले यस्तो जवाफदेहिता निर्वाह गर्नुपर्ने हुन्छ। संविधान, सुशासन ऐन, निजामती कानुन, सूचनाको हक सम्बन्धी कानुन र विषयक्षेत्रगत नियम कानुनलगायतमा आफूले गरेको काम र प्रयोग गरेको स्रोत र अधिकारका बारेमा सम्बन्धित पदाधिकारी जवाफदेही हुनुपर्ने व्यवस्था विद्यमान छ।

नेपालमा प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई किसिमको जवाफदेहिताको अभ्यास रहेको छ। सार्वजनिक प्रशासन नेतृत्व भने पदसोपानमा आधारित राजनीतिक नेतृत्वप्रति जवाफदेही हुने र राजनीतिक नेतृत्व जनताप्रति जवाफदेही हुने प्रचलन छ। सरकारका मन्त्रीहरू प्रधानमन्त्री, मुख्यमन्त्रीप्रति र प्रधानमन्त्री, मुख्यमन्त्री व्यवस्थापिका, संसद्प्रति जवाफदेही हुँदै जवाफदेहिताको यो शृंखला जनतामा पुग्दछ। स्थानीय तहमा पनि व्यवस्थापिकाका रूपमा रहेका सभाप्रति समेत उत्तरदायी हुनुपर्ने भए तापनि प्रायः सबै पदहरू प्रत्यक्ष निर्वाचनबाट पूर्ति हुने भएकाले जनताप्रति नै उत्तरदायित्व बढी हुने हुन्छ ।

नेपालमा जवाफदेहिताको अवस्था

नेपालमा सार्वजनिक प्रशासनमा जवाफदेहिता कमजोर बन्दै गइरहेको छ। राजनीतिक नेतृत्व पदसँग टाँसिएर बस्ने, कर्मचारीतन्त्र जोखिम नै नलिने, जिम्मेवारी पर सार्ने प्रवृत्ति व्याप्त रहेकोमा जन असन्तुष्टि बढ्दै गएको छ। समय समयमा मुलुकको दुरवस्थाका लागि राजनीतिज्ञ र कर्मचारीतन्त्रका बीच एकअर्कालाई दोषारोपणसमेत गर्ने गरेको पाइन्छ। जसको जेसुकै दोष भए पनि त्यसको मार नागरिकको टाउकोमा पर्ने हुन्छ।

मुलुक सुशासनका सूचकहरूमा निरन्तर कमजोर देखिएको छ। भ्रष्टाचार अनुभूति सूचकांक (सीपीआई) मा नेपालको अवस्था पछिल्लो समय ३५ बाट खस्किएर ३४ अंकमा झरेको छ। विधिको शासन सूचकांक पनि विगतको भन्दा घटेको देखिन्छ। सरकारको प्रभावकारिता,आवाज र उत्तरदायित्वजस्ता सूचकहरूमा भएका सुधार पनि अपेक्षाकृत देखिँदैन । नेपाल फेरि दोस्रोपटक सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा परेको छ। बेरुजु ७ खर्ब ३३ अर्ब पुगिसकेको छ। राजनीतिक नेतृत्व प्रश्नको घेराभन्दा बाहिर रहन रमाउने र नागरिक पनि प्रश्न सोध्नेलाई लखेट्ने प्रवृत्ति मौलाउँदै जाँदा नागरिक पनि प्रश्न सोध्न हिच्किचाउनुपर्ने अवस्थाले नागरिक आवाजको कमजोर सुनुवाइले उत्तरदायित्व कमजोर र बढी स्वेच्छाचारी बनाएको छ। सार्वजनिक प्रशासनप्रति पनि नागरिकको सकारात्मक धारणा कमजोर देखिँदै छ। राज्य र नागरिकबीचको दूरी बढ्दो छ।

नेपालको संविधानले समतामूलक समाजको परिकल्पना गर्दै राज्यका दायित्व, नीतिहरू तथा निर्देशक सिद्धान्तको व्यवस्था गरेको र यसको कार्यान्वयन सम्बन्धमा संसदीय अनुगमन प्रणालीको व्यवस्था गरेको छ। संविधान कानुनले राज्यका अंग, तहगत सरकार र पदाधिकारीको अधिकार र जिम्मेवारी तोकेकै छ। बलिया संवैधानिक अंगहरू स्थापित छन्। तथापि जवाफदेहिता किन निर्वाह हुन सकेको छैन ? यक्ष प्रश्नको रूपमा खडा भइरहेको छ। राज्यसंरचनाले नागरिकका आधारभूत अपेक्षाहरू सम्बोधन हुन नसक्दा, आफूले चुनेका प्रतिनिधि जिम्मेवार र जवाफदेही हुन नसक्दा, सार्वजनिक प्रशासनले राम्रोसँग कार्यसम्पादन गर्न नसक्दा मुलुकले अपेक्षित प्रगति हासिल गर्न नसक्दा पटकपटक राजनीतिक प्रणालीकै परिवर्तन र प्रत्येक देशका ठूलाठूला आन्दोलनको सामना गर्न बाध्य भएको छ।

त्यसो त नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, निकायहरूले सम्पादन गरेका कामहरूको स्वप्रकाशन,आफ्नो कार्यको वार्षिक प्रतिवेदन, प्रगति समीक्षा, संसदीय निगरानीजस्ता बहुपक्षीय सार्वजनिक जवादेहिता उपकरणहरू प्रयोगमै नआएको होइन । तर यसको प्रयोग कर्मकाण्डी बन्दा जवाफदेहिता अभिवृद्धि हुन सकेन । सार्वजनिक पदाधिकारीमा शासकीय मूल्य तथा संवैधानिक मर्मको गहिरो अनुभूति नहुनु, राज्य प्रणालीमा गैरनिर्वाचित शक्तिहरूको बढ्दो उपस्थिति राजनीति र प्रशासनका बीच स्वार्थपरक मिलिभगतमा लुटतन्त्रले प्रश्रय पाइरहेको अवस्था छ ।

राजनीति र कर्मचारीबीच कर्मचारी संगठनहरूका माध्यमबाट एकअर्कालाई उपयोग गर्ने प्रयास, नागरिकको शासकीय प्रणालीप्रति कम चासो, भ्रष्टाचार र अनियमितता उपर कठोर दण्ड सजायको कमी, नीतिगत निर्णयको अवव्याख्या र दुरुपयोगको अवस्था यत्रतत्र देख्न सकिन्छ। हुँदाहुँदा नागरिक समाज र सञ्चारका माध्यमहरूसमेत दलगत रूपमा प्रभावित भई सामाजिक र नागरिक दबाब कमजोर बनेको छ ।

सरकारलाई उत्तरदायी बनाउने प्रमुख अंग व्यवस्थापिका हो । संसद् नागरिक आवाजभन्दा निश्चित नेताको सेन्डिकेटजस्तो मात्र बनेको भनी नागरिक असन्तुष्टि बढ्दै गयो । संसदीय समितिको भूमिकामा प्रभावकारी हुन नसकेको धारणा बढ्दै गयो । संसद् सरकारलाई उत्तरदायी बनाउने, संसदीय समितिको प्रतिवेदन वा निर्देशन होस् वा महालेखा परीक्षकलगायतका संवैधानिक अंगका प्रतिवेदनमा कारबाही र जवाफदेहिता प्रवर्द्धनमा कमजोर देखियो। अन्ततः प्रतिफल जेन-जी आन्दोलनको प्रमुख तारो नै संसद् बन्न पुग्यो । मुलुकमा कानुनको शासन कमजोर भै दण्डहीनता बढ्दा सरकार र प्रणालीको वैधतामा प्रश्न सिर्जना हुनुका साथै जनतामा शासन प्रणाली र संरचनाप्रति अविश्वासको वातावरण र असन्तुष्टि बढ्दै जाँदा एकैपटक विस्फोटको स्वरूप लिने प्रवृत्ति दोहरिने गरेको छ।

स्थानीय तह, जसलाई जनताको नजिकको सरकार मानिन्छ, जवाफदेहिताका दृष्टिले झनै महत्वपूर्ण छ। स्थानीय तहका जनप्रतिनिधिहरू नागरिकसँग दैनिक सम्पर्कमा रहने, जनताको घरदैलोसम्म पुग्ने भएकाले स्थानीय जवाफदेहिताले राज्य र नागरिकाबीच सार्थक संवाद र सम्बन्ध स्थापित गर्दछ । स्थानीय तहले सामाजिक जवाफदेहिताका परम्परागत

❖ बाँकी तेस्रो पृष्ठमा

## इण्डो नेपाल टी-२० च्याम्पियनसीप

# फाइनलमा आसाम र भद्रपुर भिड्ने

झापा । झापाको भद्रपुरमा आयोजित कोशी-पाथीभरा इण्डो-नेपाल टी-२० च्यासिम्पयनसीपको फाइनलमा भारतको राइनोल्याण्ड क्रिकेट क्लव आसाम र आयोजक भद्रपुर क्रिकेट क्लव भिड्ने भएका छन् ।

भद्रपुर क्रिकेट क्लवको आयोजनामा भद्रपुरस्थित मेची बहुमुखी क्याम्पसको क्रिकेट ग्राउण्डमा जारी प्रतियोगिताअन्तर्गत बुधवार सम्पन्न पहिलो सेमिफाइनलमा नेपालको फ्रेण्डस् युथ क्लव डडेल्धुरालाई २ विकेटले पराजित गर्दै आसामले फाइनलमा स्थान सुरक्षित गरेको हो भने दोस्रो सेमिफाइनलमा आयोजक भद्रपुरले भारतको ग्लोबल स्टार लखनउलाई २० रनले पराजित गरेपछि बिहीबार हुने फाइनलमा यी दुई टिमको प्रतिस्पर्धा हुने भएको हो ।

पहिलो खेलमा टस जितेर पहिलो ब्याटिङ रोजेको डडेल्धुराले निर्धारित २० ओभरको खेलमा १९.१ ओभर खेल्दै सबै विकेट गुमाएर ९१ रन मात्र बनाउन सक्यो । बलरलाई साथ दिएको पिचमा डडेल्धुरालाई सस्तैमा समेट्न आसामका तर्फबाट गोकुल शर्माले ४ ओभरमा मात्र १७ रन खर्चिएर सर्वाधिक ३ विकेट लिए तपनकुमार शर्मा र प्राञ्जल भारालीले समान २-२ तथा निहार डेका र निबिर डेकाले १-१ विकेट लिए । ब्याटिङमा डडेल्धुराका दिपक बोहोराले ३१ बलमा ४० रन बनाए भने आशिष लुहारले २७ रन बनाए । अन्य ब्याटरले दोहोरो अंकको रन बनाउन सकेनन् ।

जवाफमा आसामको सुरुआत पनि राम्रो हुन सकेन । १२ रनको स्कोर हुँदा ४ विकेट गुमाइसकेको आसामले अन्तिम ओभरमा मात्र जीत हासिल गर्‍यो । आसामले १९.२ ओभरमा ८ विकेट क्षतिमा ९५ रन बनाएर जीत हासिल गरेको हो ।

ब्याटिङमा आसामका तर्फबाट गोकुल शर्मा र स्वस्तिक क्षेत्रीले समान ३२ रनको योगदान दिए । बलिङमा डडेल्धुराका तर्फबाट अजय चौहानले ४ ओभरमा १३ रन खर्चिएर २ विकेट लिए ।

बलिङ र ब्याटिङ, दुबैमा चम्किएका गोकुल शर्मा म्यान अफ द म्याच भए । उनले नगद ११ हजारसहित ट्रफी प्राप्त गरे । उनलाई भद्रपुर नगरपालिकाका नगरप्रमुख गणेश पोखरेलले म्यान अफ द म्याच पुरस्कार प्रदान गरे ।

दोस्रो सेमिफाइनलमा टस जितेर ब्याटिङ रोजेको भद्रपुरले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १२३ रनको मध्यम स्कोर बनाए पनि जीतका लागि पर्याप्त बन्यो । भद्रपुरले लखनउलाई १०३ रनमा रोक्यो । लखनउले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १०३ रन मात्र बनायो ।

ब्याटिङतर्फ भद्रपुरका सुजन थपलियाले सर्वाधिक १९ रनको योगदान दिए भने लखनउका तर्फबाट मञ्जुल दुबेले २७ रनको योगदान दिए । बलिङमा भद्रपुरका भुवन कार्कीले ४ ओभरमा २२ रन दिएर सर्वाधिक ३ विकेट लिए भने लखनउका चक्रधर द्विवेदीले ४ ओभरमा २३ रन खर्चिएर २ विकेट लिए ।

प्रतियोगिताको विजेता टिमले पाँच लाख नगदसहित शील्ड प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद तीन लाखसहित शील्ड प्राप्त गर्ने प्रतियोगिताका संयोजक गौरब सुब्बा 'मनोज'ले जानकारी दिए ।



# ऐतिहासिक दोस्रो सुपर ओभरमा दक्षिण अफ्रिका विजयी



एजेन्सी । अफगानिस्तानलाई दोस्रो सुपर ओभरमा हराउँदै दक्षिण अफ्रिकाले आइसिसी टी-२० विश्वकप क्रिकेटमा लगातार दोस्रो जित निकालेको छ । टी-२० विश्वकपको इतिहासमै दोस्रो सुपर ओभरमा खेल पुगेको यो पहिलो पटक हो ।

अहमदाबादस्थित नरेन्द्र मोदी रङ्गशालामा बुधबार भएको खेलमा जितका लागि एक सय ८८ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले १९.४ ओभरमा सबै विकेटको क्षतिमा एक सय ८७ रन नै बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो ।

यसअघि पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा एक सय ८७ रनको योगफल खडा गरेको थियो ।

पहिलो सुपर ओभरमा पहिले ब्याटिङ गरेको अफगानिस्तानले १७ रन बनायो । १८ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाले पुनः १७ रन बनाएपछि खेल दोस्रो सुपर ओभरमा धकेलिएको थियो । दोस्रो सुपर ओभरमा पहिले ब्याटिङ गरेको दक्षिण अफ्रिकाले २३ रन बनायो । २४ रनको लक्ष्य पछ्याएको अफगानिस्तान १९ रनमा समेटिएपछि दक्षिण अफ्रिकाको भाग्य खुलेको हो । जितसँगै समूह 'डी' मा चार अङ्क बनाएको दक्षिण अफ्रिका दोस्रो स्थानमा छ । दुई जितसहित शीर्षस्थानमा रहेको न्युजिल्यान्ड नेट रनरेटका आधारमा शीर्षस्थानमा छ । दुई खेल हारेको अफगानिस्तान तथा एक एक खेल हारेको युएई र क्यानडा अङ्कविहीन छ ।

# अख्तियार प्रमुखलाई ज्यान मार्ने धम्की दिनेलाई फिलिपिन्सबाट झिकाइयो

काठमाडौँ ।आफूलाई एक्स्ट्रिमिस्ट ग्रुप या नेपाल इजिएनको अध्यक्ष बताइ आफ्नो इमेल आइडीबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगसहित १० जनालाई ज्यान मार्नेसम्मको धम्की दिने व्यक्तिमाथि बुधवार ६ वटा मुद्दामा म्याद थप गरी अनुसन्धान थालिएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले यसरी धम्की दिने काभ्रेपलान्चोक, तेमाल गाउँपालिका-१ घर भई हाल फिलिपिन्स बस्दै आएका वर्ष ३४ का प्रकाश पाठक रहेका र उनलाई इन्टरपोलमार्फत पक्राउ गरी नेपाल ल्याइएको जानकारी दिए।

उनलाई फिलिपिन्सबाट बुधवार नै काठमाडौँ ल्याइ काठमाडौँ जिल्ला अदालतमा पेस गरिएकोमा अदालतले अनुसन्धानका लागि तीन दिनको म्याद थप गरेको पनि भट्टराईले बताए।

उनीविरुद्ध केही सार्वजनिक अपराध, ठगीसम्बन्धी कसूर, आपराधिक लाभ लिन नहुने र आपराधिक षड्यन्त्र गर्न नहुनेलगायतका कसूरमा ६ वटा मुद्दा दर्ता गरी अनुसन्धान थालिएको पनि प्रहरीले जनाएको छ। उनले सन् २०२५ अक्टोबर २२ मा आफूले प्रयोग गर्ने इमेल आइडीबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्तलगायत अन्य १० जना उपर ज्यान मार्नेसम्मको धम्की दिएका थिए। त्यसपछि प्रहरीले खोजीको सूचीमा राखेको थियो।

प्रहरीको इन्टरपोलमार्फत फिलिपिन्सको इन्टरपोलसँग समन्वय गरी उनलाई नेपाल झिकाइएको थियो।

# अलपत्र भवन निर्माणार्थ आयोजित महायज्ञ समापन

धुलाबारी । मेचीनगरमा अलपत्र परेको सामुदायिक भवन तथा कृषि संग्रहालय निर्माणार्थ आयोजित महायज्ञ समापन



भएको छ । महायज्ञबाट ३ लाख ७५ हजार ६ सय ११ रुपैयाँ आम्दानी र २ लाख १३ हजार ४ सय ६५ रुपैयाँ खर्च भएको आयव्यय सार्वजनिक गरिएको छ । उक्त आम्दानीमध्ये २२ हजार ४ सयको जिन्सी सामग्री र ८६ हजार पाँच सय नगद उठ्न बाँकी रहेको श्रीमद् भागवत महापुराण धन-धान्याचल सप्ताह धार्मिक ज्ञान महायज्ञ व्यवस्थापन समितिका अध्यक्ष प्रकाश खड्काले जानकारी दिए । उनका अनुसार धार्मिक तथा सामाजिक व्यक्तित्व, झापा क्षेत्र नम्बर १ बाट विभिन्न पार्टीबाट प्रतिनिधि सभा सदस्यका लागि उम्मेद्वारले आर्थिक सहयोग गर्ने वचन दिएका छन् । अलपत्र भवन निर्माणका लागि १० लाखबढी आर्थिक संकलन गर्ने उद्देश्यले गत माघ १७ गते महायज्ञको आयोजना गरिएको थियो ।

सामुदायिक भवन निर्माणसहित ग्रामीण कृषि संग्रहालय निर्माण गर्न समुदाय नै लागेपनि पूर्ण भने हुन पाएको थिएन ।उक्त संरचना निर्माणका लागि स्थानीय दानवीर अनिल पौडेलले संस्थालाई निःशुल्क जग्गा प्रदान गरेपछि निन्दा कृषि सहकारी संस्थाले २०७७ सालमा भवन निर्माण सुरु गरेको थियो । भवन निर्माणका लागि संघीय, प्रदेश र स्थानीय सरकारले आर्थिक सहयोग गरेपनि आवश्यक बजेट अभावका कारण निर्माणाधीन अवस्थामा अलपत्र परेको थियो ।

# बसमा सिट क्षमताभन्दा बढी यात्रु नराख्न माग

काठमाडौँ । देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सडक दुर्घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेको छ।

महासंघका कार्यवाहक महासचिव पुरुषोत्तम सिङ्ढडाले बुधवार विज्ञप्ति जारी गरी पछिल्लो एक हप्तामा ठूला दुई दुर्घटना हुँदा दर्जनौं व्यक्तिले अकालमा मृत्युवरण गर्नुपरेको भन्दै सडक दुर्घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेका हुन्। माघ २७ गते काठमाडौँबाट ओखलढुङ्गा आउँदै गरेको पूर्व अरनिको यातायात रामेछापमा दुर्घटना हुँदा १२ जनाको र माघ २२ गते बैतडीको पुर्चौडीमा जन्ती बस दुर्घटना हुँदा १३ जनाको मृत्यु हुनुका साथै दर्जनौं यात्रु घाइते भएका थिए।

महासंघले दुर्घटनामा निधन भएकाप्रति गहिरो दुःख व्यक्त गर्दै मृतक आत्माको चिरशान्तिको कामना साथै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ।

कार्यवाहक महासचिव सिङ्ढडाले देशभर भएका सडक दुर्घटनाको सत्यतथ्य छानबिन गरी सम्बन्धित पक्षलाई तत्काल राहत एवम् उद्धारको व्यवस्थाका लागि सरकारसँग माग गरे।

महासंघले सिट क्षमताभन्दा बढी यात्रु बोकेर यात्रा नगराउनुको साथै यात्रु टिकट काट्दा अनिवार्य रूपमा पहिचान खुलेको प्रमाण र नाम, सम्पर्क नम्बर अनिवार्य उल्लेख गरी दैनिक रेकर्ड अद्यावधिक गर्न सबैमा आग्रह गरेको छ।

महासंघले आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा हिमाल, तराई, पहाडी ग्रामीण क्षेत्रमा यातायात सञ्चालन गर्दा कसैको प्रलोभनमा नपरी सिट क्षमताभन्दा बढी यात्रु नराखी सिट क्षमताभित्र मात्र यात्रु राखी यातायात सेवा सञ्चालन गर्न अनुरोध गरेको छ।

सडक दुर्घटना छानबिन प्रतिवेदन कार्यान्वयन नहुँदा दिन प्रतिदिन सडक दुर्घटनाको जोखिम बढ्दै गइरहेकाले नेपाल सरकारद्वारा गठित दुर्घटना अध्ययन प्रतिवेदनसमेत तत्काल कार्यान्वयनका लागि महासंघले अनुरोध गरेको छ।

## सार्वजनिक...

विधिहरूका अलावा सहभागितामूलक योजना प्रणाली, नागरिक कचहरीका रूपमा रहने उपभोक्ता समिति, वन समिति, उत्पादन तथा वितरणसम्मका सहकारी संस्थाहरू, बाल क्लव, युवा क्लब, महिला समूह, ज्येष्ठ नागरिक समाज आदिमा विभिन्न प्रकृतिका नागरिक मञ्चहरू लगायतलाई जवाफदेहिताका थप महत्वपूर्ण औजारका रूपमा आफ्नो काम र विषयसम्बद्ध कुराहरूमा जानकारी दिने र पृष्ठपोषण प्राप्त गर्ने अवसरको प्रयोग गर्न सक्छन्।

सार्वजनिक जवाफदेहितामा राजनीतिक नेतृत्वमात्र होइन सार्वजनिक प्रशासन पनि जिम्मेवारीबाट पन्छिन सक्ने अवस्था छैन । सार्वजनिक प्रशासन प्रक्रियामुखी तर परिणामविहीन छ, प्रक्रिया पूरा गर्नुलाई नै सफलता मान्ने अवस्था छ। सूचना दिन आनाकानी गर्ने र झन्झट मानिन्छ। यसले अन्नतः मुलुकको सुशासन, विधिको शासन, पारदर्शिता जवाफदेहिता, सार्वजनिक सेवाको गुणस्तर आदिमा प्रत्यक्ष र नकारात्मक असर पर्ने र स्थायी सरकारको रूपमा रहेको कर्मचारीतन्त्र असफल भई मुलुकको विकास, सुशासन सबैतर्फ नकारात्मक असर परी राज्य नै असफल हुन सक्ने जोखिम बढ्छ।

आगामी कार्यदिशा

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति लिएको छ। सुशासन स्थापनाका लागि सार्वजनिक जवाफदेहिता एक बलियो आधार स्तम्भ हो ।

सरकारका तहहरूबीच सुस्पष्ट अधिकार र जिम्मेवारीको बाँडफाँट र त्यसप्रति तत्तत् तहलाई जिम्मेवार बनाउने, राजनीति र प्रशासनबीच जिम्मेवारीको स्पष्ट सीमांकन, आ-आफ्नो निकाय र पदीय जिम्मेवारीअनुसारको कार्यसम्पादन प्रति वस्तुनिष्ठ जवाफदेहिता, प्रभावकारी अनुगमन मूल्यांकन संयन्त्रसहित सरोकारवालाको सहभागिता, समन्वय र साझेदारीमा सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गरी समाजिक न्यायमा आधारित समतामूक समाज निर्माण गर्न सकिन्छ। स्थानीय तहहरूले ओझेलमा पर्दै गएको सहभागितामूलक योजना प्रणालीलाई पुनर्स्थापना र सामाजिक जवाफदेहिताका विधिको अवलम्बन गर्दै नागरिक संवाद बढाएर जवाफदेहिता प्रवर्द्धन गर्न सक्दछन्। वडालाई जनताको नजिकको तहबाट गर्न सकिने राज्यको आधारभूत सेवाको एकीकृत केन्द्रका रूपमा विकास गर्न सकेमा राज्य र नागरिकबीचको सम्बन्ध र प्रत्यक्ष जवाफेदेहितालाई प्रवर्द्धन गर्न सहयोग पुग्नेछ। सार्वजनिक प्रशासनमाथिको राजनीतिक संरक्षण खस्कँदै गएको छ। अतः कर्मचारीतन्त्र परम्परागत घुमाउरो उत्तरदायित्वभन्दा कानुन, प्रक्रिया र नतिजाप्रति जिम्मेवार बन्दै आफ्नो सेवा प्रवाहका सम्बन्धमा सम्बन्धित सरोकारवाला/सेवाग्राही प्रति जवाफदेही हुनुपर्ने व्यवस्थाले संविधानले परिकल्पना गरेअनुसार सार्वजनिक प्रशासनलाई जनउत्तरदायी बनाउन मद्दत पुग्छ। सरकारलाई संसद् प्रति उत्तरदायी र जवाफदेही बनाउने महत्वपूर्ण अंग संसद् व्यवस्थापिका हुन्। तीनै तहका व्यवस्थापिकाले नागरिकले प्रदान गरेको सार्वभौभ अधिकार अनुरूप यो भूमिकालाई गम्भीर र प्रभावकारी रूपमा निर्वाह गर्नु पर्दछ। संसद्को नियमित कार्यमा सहयोग पुऱ्याउन संसदमा समितिहरू हुन्छन्। संसदीय समितिहरू मूलतः सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी निर्देशन वा राय सल्लाह दिने कार्यहरू गर्दछन्। सरकारलाई जवाफदेही बनाउन प्रत्यक्ष रूपमा र संवैधानिक अंगका प्रतिवेदनहरूमा छलफल गरी मिहिन तवरले अघि बढाउने कार्य संसदीय समितिले गर्नु पर्दछ।

**जनताको विश्वास जित्नु प्रमुख चुनौती**

सार्वजनिक जवाफदेहिता लोकतन्त्रको आत्मा, सार्वजनिक प्रशासनको मुटु र सुशासनको एक बलियो खम्बा हो। जवाफदेहिता शासन व्यवस्थाका आधार स्तम्भ हुन्। पारदर्शिता र जवाफदेहिताका माध्यमबाट विधिको शासनमा जोड दिँदै सुशासनको प्रवर्द्धनमार्फत सामाजिक न्याय कायम गर्नु र जनताको विश्वास जित्नु आजको प्रमुख चुनौती हो। नेपालमा सुशासन कायम गर्नका लागि सार्वजनिक क्षेत्रमा जवाफदेहितालाई मुख्य साधनका रूपमा लिइएको छ। विद्यमान कानुनी तथा संवैधानिक व्यवस्थाको भावना र मर्मबमोजिम कार्यान्वयन हुन नसक्दा जवाफदेहिता र जिम्मेवारी हात्तीको देखाउने दाँतजस्तै हुन पुगेको यथार्थता हाम्रोसामु छर्लंगै छ, अपेक्षित उपलब्धि अनुभव गर्न सकिएको छैन।

सार्वजनिक ओहदा प्राप्त व्यक्तिमा आफ्नो कर्तव्य, भूमिका वा दायित्वलाई नैतिक, सामाजिक, कानुनी वा पेसागत रूपमा पुरा गर्नु पर्ने दायित्व हुन्छ । यस्तो कार्य प्रचलित कानुनको अधीनमा रही तत्परता, सक्षमता, क्रियाशीलतापूर्वक इमान्दारीपूर्वक निर्वाह गर्नु पर्दछ। यस्तो जिम्मेवारीको नैतिक, प्रक्रियागत र नतिजामूलक निर्वाहले जवाफदेहिताको प्रवर्द्धन गर्दछ। यसरी सार्वजनिक पदाधिकारीले आफ्नो जिम्मेवारीको जवाफदेहिता लिने कार्यसंस्कृतिको सुनिश्चितता भएमात्रै यस अनुरूप आम जनताले सुशासन तथा लोकतन्त्रको लाभ प्राप्त गर्न सक्छन्। अपूबाट

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ